पाण्डुकेश्वर मन्दिरको गजुर हस्तान्तरण। पृष्ठ ५ मा

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२२५०७२
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१३, ● अंक-३६ ● २०७७ चैत्र ०९ गते सोमबार, ● 22 March. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## वर्षदिनमै बौरियो 'चित्लाङ'

विकास संवाददाता
थाहा नगर



चित्लाङ भित्रिदै पैदलयात्री पर्यटक। फोटो : गणेश विष्ट/विकास

त्रिभुवन राजपथ सञ्चालनमा आउनुअघि मकवानपुरको चित्लाङ काठमाडौं उपत्यकाको प्रवेशद्वार थियो। तराई झर्ने हुन् वा राजधानी प्रवेश गर्ने, यही नाका भएर ओहोरदोहोर गर्थे। काठमाण्डौं प्रवेश गर्ने अधिकांश बटुवा र भरियाहरूको बास चित्लाङमै हुन्थ्यो। 'बटुवाहरूको लर्को नै लाग्थ्यो,' मकवानपुरको थाहा नगरपालिका-९ चित्लाङका ८२ वर्षीय बाबुकाजी मानन्धर सम्झन्छन्, 'त्यतिबेला एक पैसाको चामलले एक जनालाई मजासँग खान पुग्थ्यो।'

मानन्धरको आफ्नै पसल पनि थियो। जो पहिला आयो, उसैलाई चुल्हो भाडा दिने गरेको उनी बताउँछन 'चुल्हो, दाउरा, चामल र बास बसेको एक यात्रीसँग चार पैसा लिन्थैँ,' उनी करिब पाँच दशकअघिको समयतिर फर्किए, 'मेरो घरमा मात्र भात पकाउने ६० वटा चुल्हो थियो, लहरै सुत्नका निम्ति परालको सुकुल ओछ्याएको टहरो हुन्थ्यो। छरछिमेकहरूले पनि बटुवाहरूका लागि यस्तै व्यवस्था गरेका थिए। कैयौं बटुवा घरमा बस्ने ठाउँ नपाएर पाटीपौवामा पनि बस्थे।'

चित्लाङमा बास बसेर बिहान सबेरै चन्द्रागिरि डाँडा उकालो लाग्दा कमिलाका ताँतीझैं देखिन्थे मान्छेहरू। पैदलयात्रुले भरिभराउ हुने चित्लाङ त्रिभुवन राजपथ निर्माणपछि सुनसान बस्तीको रूपमा परिणत हुन थाल्यो। भत्केका पाटीपौवा र पुराना घरहरूमात्र देखिन्थे। धेरै वर्षपछि चित्लाङ अहिले भने पुरानै लयमा फर्किँदै छ। चित्लाङ चालु भैरहेकै बेला विनासकारी भूकम्प गयो। भुकम्पको असर नसकिदै कोभिड-१९ ले फेरी थला पार्‍यो। होटल व्यवशाय पुरै बन्द भए। सबै व्यहोरेको चित्लाङ पहिलाको भन्दा विकसित ढंगले 'कमब्याक' भएको छ,' चित्लाङवासी एवं पर्यटन बोर्डका अनुसन्धान र अन्वेषण निर्देशक मणिराज लामिछानेले भने, 'विकासले ओझेलमा पारेको चित्लाङ पाँच दशकपछि विकासको नयाँ स्वरूपले बदलिएको छ।'

**कोभिड-१९ ले थलिएको चित्लाङमा संक्रमण/जोखिम कम भएसंगै पर्यटकको उपस्थिती बढेको छ।**

केही वर्षयता मानिसहरू चित्लाङमा तानिन थालेका छन्। अहिले त पर्यटकको संख्या ह्वात्तै बढेको छ। अब पहिलेजस्तो चुल्हो, दाउरा दिनुपर्दैन, यहाँ आउने पर्यटकहरू राम्रा होटल, रिसोर्ट र होमस्टेहरूमा बस्न सक्छन्। 'मान्छेहरू फेरि चित्लाङमा ओइरिन थाले,' ज्येष्ठ नागरिक मानन्धर भन्छन्, 'विगतको चित्लाङ बिलायो भनेको त झन् बौरिएर पो आयो।' पुराना पाटीपौवालाई मर्मतसम्भार गरिएको छ। अत्याधुनिक होटल स्थापना गर्न काठमाडौंका होटल सञ्चालकले जग्गा खरिद गरेका छन्। थाहा नगरपालिकाको ९ र १० नम्वर वडामा विभाजित साबिकको चित्लाङ गाविसमा अहिले दैनिक आन्तरिक र बाह्‍य पर्यटकहरू टुट्दै टुट्दैनन्। 'अधिकांश होमस्टे र रिसोर्ट भरिभराउ हुन्छ,' गुर्जुधारा होमस्टेका सञ्चालक बुद्धरत्न मानन्धरले भने, 'होमस्टे खाली भएको छैन।'

होमस्टेमा धेरै मानिस खानबस्न आएकाले यहाँका केही होमस्टे सञ्चालकले रिसोर्ट नै स्थापना गरिसकेका

बाँकी पेज ५ मा

## थाहाका सबै विद्यालयमा गुनासो पेटिका राखिने

◆ विकास संवाददाता




मकवानपुरको थाहा नगरपालिकामा रहेका सबै विद्यालयहरूमा गुनासो पेटिका राखिने भएको छ। शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार पारेको कार्यविधि अनुसार गुनासो सुनुवाई संयन्त्रको विकासका लागि थाहा नगरपालिकाका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा गुनासो पेटिका राखिन लागेको हो।

थाहा नगर कार्यपालिकाले गुनासो सुनुवाई व्यवस्थित गर्नका लागि अनिवार्य रूपमा गुनासो पेटिका राख्न र लैङ्गिक सम्पर्क अधिकारी तोक्न नगरका सबै विद्यालयहरूलाई पत्राचार गरेको छ। विद्यालयका बालबालिकामाथि हुने जोखिम न्यूनीकरणका लागि वैकल्पिक उपाय, प्रक्रिया र दायित्वबारे शिक्षक, विद्यालय व्यवस्थापन समिति र अन्य सरोकार वालालाई सचेत पार्दै बालबालिकाको गुनासो सुनुवाइको व्यवस्था गर्न शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार पारेको कार्यविधि अनुसार अनिवार्य रूपमा गुनासो पेटिका राख्नु पर्ने थाहा नगरपालिकाका नगर शिक्षा अधिकारी शोभाकर रेग्मीले बताए।

गुनासो पेटिकाको माध्यमबाट बालबालिकालाई बुझ्न, उनीहरूकै गुनासो र सुझाव अनुसार विद्यालयको वातावरण विकास गर्न र विद्यालयको सिकाइ एवम् भौतिक वातावरणलाई लैङ्गिक तथा बालमैत्री बनाई शैक्षिक गुणस्तर बढाउन मद्दत पुग्ने रेग्मीले बताए।

गुनासो सुनुवाइका लागि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा अध्यक्षले तोकेको एक जना महिला सदस्यको अध्यक्षतामा पाँच सदस्यीय गुनासो सुनुवाइ समिति गठन गर्नु पर्ने कार्यविधिमा व्यवस्था गरिएको छ। प्रत्येक विद्यालयले विद्यार्थीको गुनासो सङ्कलन गर्नका लागि विद्यालय हातामा बालबालिकाको गोपनियता एवम् सुरक्षाको सुनिश्चितता हुनेगरी सुझाव पेटिका राख्नुपर्ने तथा गुनासो गर्न विद्यार्थीलाई सहयोग र प्रोत्साहन गर्नुपर्ने कार्यविधिमा उल्लेख गरिएको छ।

थाहा नगरपालिकामा ५३ वटा सामुदायिक विद्यालयहरू रहेका छन्।

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको मौलिक हकको व्यवस्था छ। कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामाा शारीरिक मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने व्यवस्था संविधानले गरेको छ।

**व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !**

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो। जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं। जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्। जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो। बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।

**थाहा नगरपालिका**
नगर कार्यापालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

**नेपाल सरकारको सूचना !**

**बालबालिकालाई मायाँ गरौं**
**बालबालिकाका कुरा सुनौं।**

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## सम्पादकीय

### डढेलो जोखिमको बेला

गर्मीयाम शुरु भएसँगै जंगल क्षेत्रमा आगलागीका घटना शुरु भएका छन्। मकवानपुरलगायतका तराई तथा भित्री मधेशका जिल्लाहमा डढेलो शुरु भइसकेको छ। हरेक वर्षजस्तै यो वर्ष पनि डढेलोका कारण ठूलो क्षति हुने खतरा देखिन थालिसकेको छ। डढेलोका घटना बढिरहेका छन् तर आगो नियन्त्रणका लागि प्रभावकारी उपायको खोजी हुन सकिरहेको छैन। ठूलो परिमाणको वन क्षेत्रमा आगो लागे पनि उपभोक्ताले स्याउलाको सहायताले आगो निभाउनुपर्ने अवस्था छ। सबैतिर पानी उपलब्ध नहुँदा डढेलो नियन्त्रण प्रभावकारी हुन सकिरहेको छैन। डढेलोका कारण वर्षेनि ठूलो परिमाणमा क्षति भइरहेको छ। जनधन, वन सम्पदासँगै जैविक विविधता नष्ट भइरहेको छ। नेपालको कुल क्षेत्रफलमध्ये करिब ४४ प्रतिशत भूभागमा वन छ। वन क्षेत्र उल्लेख्य नबढ्नुको एउटा कारण डढेलो पनि हो। डढेलोबाट बचाउने महत्वपूर्ण दायित्व उपभोक्ताको हुन्छ भने आगो लगाउने काम उपभोक्ताकै हो। कतिपय क्षेत्रमा असावधानीका कारण आगो लाग्छ भने कतिपय क्षेत्रमा जानेर नै उपभोक्ताले आगो लगाउने गर्दछन्। वनमा डढेलो लगाएपछि नयाँ पालुवा पलाउँछ, दाउरा निकाल्न सजिलो हुन्छ भन्ने परम्परागत सोचका कारण पनि उपभोक्ताले वनमा आगो लगाउने गरेको विगतका अध्ययनहरुबाट देखिएको छ।

डढेलोले गर्ने असरबारे जनचेतना नहुँदा सानो फाइदाका लागि पनि डढेलो लगाउने गरेको पाइन्छ, जसले गर्दा मानवीयसँगै वातावरणीय क्षेत्रमा ठूलो क्षति भइरहेको छ। वनमा लाग्ने डढेलोले वनस्पति, वन्यजन्तु र जैविक विविधतामा क्षति गराउनुका साथै वायुमण्डलमा हरितगृह ग्याँस बढाउँछ। यसले जीवजन्तु र वातावरणीय क्षेत्रमा ठूलो नोक्सान पुग्छ। त्यसै त अहिले जलवायु परिवर्तन ठूलो समस्याको विषय बन्दैछ, त्यसमा अझ डढेलोका कारण पृथ्वीको तापक्रम र माटोमा सुक्खापन बढ्न जाँदा जलवायु परिवर्तन र तापक्रम बृद्धिमा नकारात्मक असर पुगिरहेको छ। अब डढेलो नियन्त्रणका लागि सचेतनामूलक मात्र होइन नियन्त्रणमुखी कार्यक्रम पनि जरुरी छ। हरेक वर्ष सचेतनाका कार्यक्रम भई पनि रहेका छन्। खासगरी सामुदायिक वन क्षेत्रमा डढेलो नियन्त्रणका घटना कम भएका छन् र आगो लागिहाले पनि नियन्त्रणका लागि उपभोक्ताह सक्रियतापूर्वक अघि सर्ने गरेका छन्।समुदायलाई सचेत बनाउँदै वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रणका लागि पनि समुदायलाई परिचालन गर्ने र उनीहका लागि नियन्त्रण सामग्री पर्याप्त मात्रामा प्रदान गर्ने हो भने डढेलोलाई उल्लेख्य रुपमा घटाउन सकिने छ।

डढेलो नियन्त्रण गर्नु स्थानीय उपभोक्ता, देश र मानव जातिकै लागि हितकर कार्य हो। वन जंगल मानिसको मात्र होइन, वन्य जन्तुको पनि साझा घर हो। मानिसका सामान्य त्रुटिले वा केही व्यक्तिको गलत नियतका कारण सिंगो पर्यावरणीय क्षेत्रमा नै क्षति पुग्ने जुन अवस्था बढ्दै गइरहेको छ, यसप्रति सबै क्षेत्र गम्भीर बन्नु जरुरी छ। नेपालका लागि आगलागी, बाढी पहिरो, शीतलहरजस्ता प्राकृतिक प्रकोप नयाँ घटना होइनन् किनकि नेपाल पृथ्वीको उष्ण मौसमी क्षेत्रमा पर्दछ, जसको मुख्य विशेषता नै मौसम परिवर्तन भइरहनु हो। यति जान्दाजान्दै पनि प्रकोपबाट हुने क्षति रोक्न पर्याप्त तयारी नगर्नु सरकारको कमजोरी हो। नेपालमा विपत ब्यवस्थापन मन्त्रालय नै हुनुपर्ने हो, त्यसतर्फ अहिलेसम्म राज्यको ध्यान जान सकेको छैन। अहिले विपत व्यवस्थापनको मुख्य दायित्व स्थानीय तहमा आएको छ। हरेक स्थानीय तहमा विपत ब्यवस्थापन समिति र शाखाहरु बनेका छन्, यसमार्फत विपत रोक्न बाह्रै महिना पूर्ण तयारी गर्नुपर्ने दायित्वबोध गर्नु जरुरी छ।

**थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा**

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

**महत्वपुर्ण टेलिफोन नम्बरहरु**

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनको सान्दर्भिकता



संदीप कुमार साह

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा गरी अनिवार्य कार्यान्वयनको लागि पत्राचार समेत गरेको छ। यस बारे अधिकांश स्थानीय तहले हालसम्म प्राथमिकताको रुपमा नलिइएको देखिन्छ ।

नेपालको संविधान, २०७२ ले स्थानीय सरकारलाई व्यवस्थापकीय, कार्यपालिका र न्यायपालिकाको अधिकार प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारहरूको व्यवस्था गर्नुका साथै खर्चको जिम्मेवारी र राजस्वको स्रोतहर समेत प्रदान गरेको छ। नेपालको संविधान जारी भएसँगै राज्यका तीन वटै तहका सरकारहरू क्रियाशील भएदेखि राज्य व्यवस्थाको रूपान्तरण संस्थागत भएको छ । स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा प्रतिबद्ध, सक्षम एवम् नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्न तथा सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न स्थानीय तहहरू संविधान प्रदत्त अधिकारहरूलाई कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरूलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो बनाउन निरन्तर क्रियाशील रहेका छन् ।

नेपालको संविधानमा भएको संवैधानिक व्यवस्था अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था भई सञ्चालनमा रहेको छ । यी तीन वटै तह बीचको सम्बन्ध सहकारिता (सबैले मिलेर तहगत अधिकारको प्रयोग र जिम्मेवारी बहन गर्ने), सहअस्तित्व (पदाधिकारी र संस्थाले एक अर्काको स्वायत्ततालाई सम्मान गर्ने र एक अर्काको परिपूरकको रूपमा रहने) सिद्धान्तमा आधारित रहेको छ। स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत र सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ ।

नेपालको स्थानीय शासन व्यवस्था उत्तम प्रणालीकोरूपमा लिने गरिएको छ। स्थानीय शासन प्रणालीले नेपाली समाजलाई एकातिर जीवन्त बनाएको छ भने अर्को तर्फ जनताको नजिकको सरकारको रूपमा रहेको छ। यसले सरकारको लोकप्रिय नारा 'गाउँ गाउँमा सिंहदरवार' भन्ने अवधारणालाई स्थापित गरेको छ । शासन व्यवस्थामा भएको परिवर्तन, स्थानीय स्तरको स्रोत, साधन, क्षमता र अवस्थालाई मध्य नजर गर्दै सेवा प्रवाहलाई प्रभावकारी तथा पाररदर्शी बनाउन स्थानीय तहको अवस्था विश्लेषण गरी क्षमता अभिवृद्धि गर्नु आजको मुख्य आवश्यकता रहेको छ। स्थानीय तहहरूलाई योजना निर्माण, दीर्घकालीन योजना, बजेट तर्जुमा लगायत अन्य विभिन्न नीति, योजना तथा कार्यहरू सम्पन्न गरी स्थानीय तहको संस्थागत विकास गर्नु ठुलो चुनौती रहेको छ ।

स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन एउटा औजार हो। यसले स्थानीय तहको कार्य प्रकृया र उपलब्धीहरूको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरूको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमीकमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको आधार प्राप्त गर्न, प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन सहयोग गर्छ। स्थानीय तहले गरेका राम्रा अभ्यास, सिकाई र उपलब्धिहरूलाई उजागर गर्दै सुशासन प्रवर्द्धन गर्न सुधारात्मक पक्ष तथा चुनौतीको पहिचान गर्नु तथा नीतिगत कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु नै स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन को मुख्य उद्देश्य रहेका छन् ।

यसै आर्थिक वर्षदेखि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा गरी अनिवार्य कार्यान्वयनको लागि पत्राचारसमेत गरेको छ। यस बारे अधिकांश स्थानीय तहले हालसम्म प्राथमिकताको रूपमा नलिइएको देखिन्छ । जसबाट स्थानीय तहको सान्दर्भिकता र प्रभावकारितामा प्रश्न चिन्ह छ ।

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनबाट शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वय गरी १० वटा बिषय क्षेत्रहरू तय गरिएको छ र ती विषयगत क्षेत्रमा जम्मा १०० वटा सूचकहरू रहेका छन् । ती सूचकहरूलाई हरेक विषय क्षेत्रमा समग्र अवस्था, प्रक्रियागत अवस्था र परिमाणात्मक अवस्था गरी तीन तहमा व्यवस्थित गरिएको छ ।

यी सूचकहरूको मूल्याङ्कन गर्न समग्र अवस्थाका प्रत्येक सूचकमा चार अवस्थाहरू राखिएका छन् भने प्रक्रियागत र परिमाणात्मक अवस्थाका सूचकहरूमा तीन वटा अवस्थाहरू राखिएका छन् । यी अवस्थाहरू मध्ये अन्तिम अवस्था सबैभन्दा राम्रो अवस्था हो भने पहिलो, दोस्रो वा तेस्रो अवस्थाले क्रमशः कमजोरबाट सुधार हुँदै गएको अवस्थालाई जनाउँछ। समग्र सूचकको स्वमूल्याङ्कन पश्चात् स्थानीय सरकारको क्षमता अभिवृद्धि तथा सुधारको लागि रणनीतिक कार्ययोजना तयार गरी सेवा प्रवाह, सुशासन तथा जवाफदेहिताको क्षेत्रमा सुधार भई समावेशी, जबाफदेही, पारदर्शी र प्रभावकारी सेवा प्रवाह गरी स्थानीय सरकार भएको प्रत्याभूति गर्न सकिन्छ ।

स्थानीय सरकार सञ्चालनको संवाहकको रूपमा रहेका जनप्रतिनिधि, स्थानीय तहमा कार्यरत कर्मचारी तथा सरोकारवालाहरूलाई स्थानीय सरकार सञ्चालन सम्बन्धी ज्ञान, सीप र क्षमताको आवश्यकता महशुस गरी स्थानीय तहको प्रभावकारी कार्य सञ्चालनमा सहयोग पुगोस् भन्ने अभिप्रायले स्थानीय तहको वर्तमान अवस्था, प्रवाह हुने सेवा सुविधाहरू लगायतका विभिन्न विषयमा स्थानीय सरकारको कार्य सम्पादनको स्थिति पत्ता लगाउन स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङकन अपरिहार्य रहेको देखिन्छ। स्थानीय तहको वर्तमान अवस्था, कार्य सम्पादनका सिलसिलामा अपनाइएका र अपनाउनु पर्ने प्रक्रियाहरू, सम्पादन गरिएका असल अभ्यासहरू र सम्पादन गर्न बाँकी रहेको कार्यहरूका बारेमा स्पष्ट देखन सकिन्छ। यसैका आधारमा आगामी दिनमा गरिने रणनीतिक कार्यहरू निर्धारण गर्न सजिलो पर्दछ। स्थानीय तहको वर्तमान अवस्था र सुधार गर्नु पर्ने पक्षहरूको लागि आवश्यक रणनीतिक कार्यदिशा तय गर्न यसले अहम् भूमिका निर्वाह गर्ने औजारको रूपमा समेत लिन सकिन्छ ।

स्थानीय तहहरूले आफ्नो संवैधानिक जिम्मेवारी प्रभावकारी ढङ्गबाट पुरा गर्न सक्षम छ भन्ने सुनिश्चित गर्न स्थानीय तहको संस्थागत सबल र दुर्बल पक्षहरूको नियमितरूपमा विश्लेषण गर्न जरूरी छ। स्थानीय सरकार स्वायत्त भएकोले आफ्नै नेतृत्वमा आफ्नो संस्थाको स्वमूल्याङकन गर्न बढी प्रभावकारी एवं व्यवहारिक हुने भएकोले स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन पद्धति बढी प्रभावकारी हुने देखिन्छ। संस्थागत स्वमूल्याङ्कनले स्थानीय तहको संस्थागत, कानुनी, राजनीतिक र आर्थिक पक्षहरूको विकासक्रम के कस्तो अवस्थामा रहेको छ भन्ने जानकारी दिनुका साथै स्थानीय तहको संस्थागत क्षेत्रमा रहेका सबल पक्ष, कमजोर पक्ष, सुधार गर्नुपर्ने पक्ष, चुनौती एवं अवसरहरू समेतको विश्लेषण गरी स्थानीय तहलाई सबल बनाउन समयबद्धरूपमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न मार्ग प्रशस्त गरेको छ ।

प्रभावकारी सेवा प्रवाहको लागि स्थानीय तहको संस्थागत क्षमतामा सुधार गर्न, पारदर्शी एवं मितव्ययी सेवा पुऱ्याउन, उत्तरदायित्व तथा जिम्मेवारी वहन गर्न स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन पद्धतिको विकास भएको छ। यस विधिले स्थानीय तहको क्षमता अभिवृद्धिका लागि

बाँकी पेज ३ मा

## स्थानीय तहको ... ..

रणनीतिक कार्ययोजना तयार गर्न र समस्याग्रस्त क्षेत्रहरूको पहिचान गर्नसमेत सहयोग पुग्ने देखिन्छ । स्थानीय सरकारको संस्थागत, कानुनी, राजनीतिक र आर्थिक पक्षहरूको विकास क्रम के कस्तो अवस्थामा रहेको छ भन्ने जानकारी हासिल गर्नुका साथै संवैधानिक जिम्मेवारी अन्तर्गतका महत्त्वपूर्ण विषयहरूलाई समयमा नै संवोधन गर्न र स्थानीय सरकारलाई सबल बनाउन पनि यसले योगदान गर्न सक्ने देखिन्छ ।

स्वमूल्याङ्कनका मूल्यनिर्धारित सूचकका आधारमा स्थानीय सरकारको संङ्गठनात्मक ढाँचा, प्रशासनिक प्रक्रिया, वित्तीय व्यवस्था, सेवा प्रवाह, नीति, योजना तथा बजेट तर्जुमा आदिको वास्तविक अवस्थाको जानकारी प्राप्त

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले समेत स्थानीय शासन प्रणालीलाई संस्थागत बनाउन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय सरकारहरुलाई मार्गदर्शन गरेको छ ।*

गरी सुधारको कार्ययोजना विकास तथा संस्थागत गर्न सकिन्छ । स्वमूल्याङ्कनबाट स्थानीय सरकारको संस्थागत क्षमता अभिवृद्धि गर्ने नीति तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक बजेटको व्यवस्थापनमा समेत सहयोग पुग्ने देखिन्छ ।

स्थानीय तहहरूले कार्य सम्पादन गर्दा जनहितलाई प्राथमिकतामा राखेर पर्याप्त छलफल र विश्लेषणका आधारमा उपलब्ध स्रोत साधनको औचित्यपूर्ण ढङ्गले विनियोजन गरी खर्च प्रणाली पारदर्शी र कानुनसम्मत रूपमा हिसावकिताबको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराई आएका कैफियत सवालहरूको समयमा नै नियमित र फर्छ्यौट गराई सम्पन्न गर्ने पद्धति स्थापित गराउन पनि यसले ठूलो भूमिका खेल्न सक्छ । नेपाल सरकारले संवैधानिक रूपमा जनताको सबभन्दा नजिकमा रहेको स्वायत्त र शक्तिशाली स्थानीय सरकारहरूको कार्यसम्पादनको अनुगमन पनि गर्नेछ ।

**निष्कर्ष**

नेपालको संविधानले स्थानीय तहहरूलाई कार्यकारी, व्यवस्थापकीय र न्यायिक अधिकार सम्पन्न बनाएको छ । स्थानीय तह अन्य तहका सरकारहरूसँग सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध कायम गर्न सक्षम बनेका छन् । यसले स्थानीय तहहरूमा दक्ष र गुणस्तरीय सेवाहरूको वितरण, अर्थपूर्ण र समावेशी सहभागिता, उत्तरदायित्व, पारदर्शिता र न्यायिक अभ्यासको कार्य स्थानीय स्तरमा संस्थागत भइरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले समेत स्थानीय शासन प्रणालीलाई संस्थागत बनाउन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय सरकारहरूलाई मार्गदर्शन गरेको छ । संस्थागत स्वमूल्याङ्कनले स्थानीय तहको संस्थागत, कानुनी, राजनीतिक र आर्थिक पक्षहरूको विकास क्रम के कस्तो अवस्थामा रहेको छ । स्थानीय तहलाई सबल बनाउन समयबद्ध कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्न मार्ग प्रशस्त गर्दछ । स्थानीय तह संस्थागत स्वमूल्याङ्कनले सम्बन्धित स्थानीय तहको चुनौती र अवसरहरूको पहिचान गरी कार्यक्षमता अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ ।

# गर्मीमा दाँत र मुखको सुरक्षा : दन्त सड्नबाट बच्न के गर्ने ?



डा. प्रकाश बुढाथोकी

दाँत तथा मुखको सुरक्षा र सरसफाइको लागि जाडो होस् या गर्मी सबै उस्तै महत्वपूर्ण छ । दाँतको सुरक्षा त्यतिबेलासम्म मान्छेलाई सामान्य लाग्छ, जतिबेलासम्म तीव्र दुखाइका कारण मान्छेमा छटपटी हुँदैन । त्यसैले के बिहान, के बेलुका, के झरी के बर्खा । मुख र दाँतको सरसफाइलाई महत्व दिनु आवश्यक हुन्छ ।

हामीले खाने जुन सुकै खानाको मुख्यद्वार मुख नै भएकोले पनि यहाँ धेरै किसिमका खानेकुराहरू दाँतमा वा गिजामा अड्किएर पनि बसेका हुन सक्छन् । यस्तो अवस्थामा यदि मुख वा दाँतमा कुनै स्वास्थ्य समस्या भयो भने यसले शरीरका विभिन्न अंगसम्म असर गर्न सक्छ ।

अतः बरू शरीरको अरू अंगमा देखिएको स्वास्थ्य समस्याले मुखलाई असर नगर्न सक्छ तर मुखको फोहार वा रोग शरीरमा गएर असर गर्ने भएकोले शारीरिक स्वास्थ्यको लागि मुखको स्वास्थ्य पनि अनिवार्य शर्त हो ।

*ब्रस गर्दा कुनै सतह नछुट्ने गरी ४५ डिग्रीमा राखेर तलमाथि गरेर ब्रस गर्दा दाँत र मुख सम्बन्धी ९० प्रतिशत स्वास्थ्य समस्याको समाधान हुन्छ ।*

**गर्मीयाममा बढी ख्याल राख्नु जरुरी**

गर्मीयाममा तापक्रम बढी हुने भएकाले कुनैपनि खाद्य पदार्थ दाँतमा अड्किएर बस्दा मुखभित्रै छिटो सड्ने भएकोले यसलाई बेलाबेलामा सफा गरिरहनुपर्छ । गर्मीको समयमा खाने मात्रा र खाने समय पनि अलिकति धेरै हुन्छ । त्यसैले पनि यसमा सर सफाइ धेरै आवश्यक पर्छ ।

अर्कोतर्फ गर्मीको समयमा दिन अलिक लामो हुने भएकोले हामीले खाना पनि धेरै पटक खाने गर्छौं । तर हरेक पटकको खानासँगै मुखको सफाइ नगर्ने हो भने फेरि खाना अड्किएर मुखभित्रै खाना सड्ने सम्भावना हुन्छ । त्यसैले पनि दिनको दुई पटक बिहान र बेलुका खाना खाइसकेपछि अनिवार्य ब्रस गर्ने र अरू समयमा खाना खाएपछि राम्रोसँग सफा पानीले मुख कुल्ला गर्नुपर्छ ।

**ब्रस र मञ्जन कस्तो चाहिने ?**

हामीले प्रयोग गर्ने ब्रस कस्तो राख्ने ? मञ्जन कस्तो प्रयोग गर्ने र दाँत र मुख सफा गर्दा कस्तो तरिका अपनाउने ? भन्ने कुरालाई ध्यान दिनुपर्छ । यस्तो विषयमा ध्यान नदिँदा पनि पर्याप्त मात्रामा मुखलाई सफा गर्न नसकी दन्त सडन जस्ता समस्याको जोखिम बढी हुन्छ ।

त्यसैले सामान्यतया ब्रस चयन गर्दा नरम खालको प्रयोग गर्नुपर्छ । त्यस्तै, फ्लोराइड भएको मञ्जनको प्रयोग गर्नुपर्छ । ब्रसमा मञ्जन राख्दा पनि बालबच्चाको लागि सानो केराउको दाना जति मञ्जन र वयष्क मान्छेको लागि ठूलो केराउको दाना जति मञ्जन राख्नु जरूरी हुन्छ । यसरी मञ्जनलाई ब्रसमा राखेर बिस्तारै थिचेर ब्रसको भित्रसम्म पुग्नेगरी थिच्नुपर्छ । यसरी गरिएको ब्रस बढी प्रभावकारी हुन्छन् ।

यसरी सफा गर्दा भित्रबाहिर र दुई दाँतको बीचमा रहेका कुनै पनि सतह नछुट्नेगरी सफा गर्नुपर्छ। दुई दाँतबीचको भागलाई सफा गर्ने यो चलनलाई डेन्टल फ्लस भनिन्छ । यो ब्रसले नभेट्ने दुई दाँत बीचको भागलाई सफा गर्नको लागि हो ।

**खानपान ध्यान दिनु जरुरी**

गर्मी मौसममा खानपानमा ध्यान दिनु जरूरी हुन्छ । जस्तो, ज्यादै गुलियो र प्रशोधित खानेकुरा दाँत र मुखको लागि उपयुक्त हुँदैन । 'अति खानेकुरा' अर्थात् अति अमिलो, अति चिसो र अति तातो जस्ता खानेकुरालाई सकेसम्म बेवास्ता नै गर्नुपर्छ । सुर्तीजन्य पदार्थ र मद्यपानको सेवन पनि मुख तथा दाँतको स्वास्थ्यको लागि प्रतिकूल खाद्यपदार्थ हुन् । यस्ता खानेकुरालाई नियन्त्रण मात्रै गरियो भने पनि यसबाट धेरै समस्याहरू समाधान हुन्छन् ।

यति हुँदाहुँदै पनि वंशजको रूपमा समेत मुख तथा दाँतमा समस्या देखिन सक्छ । अतः प्रत्येक ६ महिनामा दाँत तथा मुखमा केही समस्या छ कि छैन भनेर परीक्षण गर्नुपर्छ भन्ने मान्यता राखिन्छ । ब्रस गर्दा कुनै सतह नछुट्ने गरी ४५ डिग्रीमा राखेर तलमाथि गरेर ब्रस गर्दा दाँत र मुख सम्बन्धी ९० प्रतिशत स्वास्थ्य समस्याको समाधान हुन्छ । एकदिनमा २४ घण्टा वा १४४० मिनेट हुन्छ ।


त्यसमध्ये बिहान खाना खाइसकेपछि ३ मिनेट र साँझ ३ मिनेट मुखको स्वास्थ्यको लागि समय दिने हो भने सधैंभरि दाँतको दुखाइ वा मुखसम्बन्धी समस्याको कारण छट्पटाउनु पर्दैन ।

# डेटिङमा डर किन ? यस्तो छ कारण

डेटिङ भनेको तपाईंको लागि उत्तम पार्टनर खोज्ने माध्यम हो। तर त्यहाँ धेरै व्यक्तिहरू छन्, जो डेटिङमा जान डराउँछन् । कारण रू मानव प्रकृति अनुसार दिमागमा डर उत्पन्न हुन्छन् । ती पनि सबै गलत धारणाका कारण उत्पन्न भएका भयहरू हुन् । जोसँगको डेटिङको डरले तपाईंको दिमागमा प्रभुत्व जमाउँछ भने यो तपाईंमा उत्पन्न हुने अनावश्यक भय मात्रै हुन् । यहाँ हामी डेटिङको सबैभन्दा सामान्य भयको बारेमा कुरा गर्दैछौं । साथै, कसरी तपाईं त्यस डरलाई पन्छाउन सक्नुहुन्छ, हामी पनि यसको बारेमा छलफल गर्नेछौं। ताकि सही पार्टनरको लागि तपाईंको खोजीको यो मार्ग तपाईंको लागि पूर्ण रूपमा खुलोस् । जब त्यहाँ अधिक अवसरहरू हुन्छन्, सहि पार्टनर छनौट गर्न सजिलो हुन्छ ।

**पहिलो डर : भेटको क्रममा के कुरा गर्ने ?**

कुनै यस्तो व्यक्ति जसको बारेमा हामी केही पनि जान्दैनौं । कुनै पनि अपरिचित व्यक्तिसँग बाहिर जान असहज महसुस हुनु आफैंमा स्वाभाविक कुरा हो । यस अप्ठ्यारोका कारण धेरै मानिसहरू डेटिङ जान चाहँदैनन् । तर सोच्नुहोस् त जुन प्रश्न तपाईंको दिमागमा चल्दै छ, यो अर्कोको दिमागमा पनि भएको नहोला र ! यदि तपाईं चिन्तित हुनुहुन्छ भने तपाईंको साथी पनि त उति नै डराएको हुन सक्छ नि होइन र रू गणितमा हामीले पढ्यौं कि ़माइनस र माइनस प्लस हुन्छु । त्यही सूत्र यहाँ पनि लागू गर्नुहोस्, । त्यसैले चिन्ता छोड्नुहोस् र डेटिङको लागि हुन्छ भन्नुहोस् ।



**दोस्रो डर : अस्वीकृत हुने डर**

यो डर मानव प्रकृतिको लागि पनि उपयुक्त कुरा हो । हामी सबै चाहन्छौं कि मानिसहरूले हामीलाई मन पराओस् । डेटिङका क्रममा पनि प्रत्येक केटा वा केटीले आफू अघि नै मान्छेलाई मनपराइरहेको हुन्छ ।

कसैलाई भेट्नुभन्दा पहिले हामी सोच्न थाल्छौं कि यदि उसले हामीलाई मन पराएन भने के हुन्छ रू तर यस प्रश्नको व्यावहारिक हिसाबले सोच्नुहोस् । तपाईं जस्तो सुकै भए पनि तपाईंलाई जुनसुकै बेलामा पनि अस्वीकार गर्ने सम्भावना ५०/५० प्रतिशत हुन आउँछ । यस्तो अवस्थामा तपाईं अस्वीकार सँग किन डराउनु हुन्छ ।

**तेस्रो डर : सबै कुरा राम्रो हुन्छ कि भन्ने**

हामी मानिसहरूको सबभन्दा राम्रो र खराब गुण भनेको नै हाम्रो कल्पना शक्ति हो। अहिले तपाईं अस्वीकृत हुने सोचेर डराउनुभएको हुन सक्छ । तर दोस्रो क्षणमा यो त्रासले पनि सताउन सक्छ कि यदि सबै ठीकठाक भयो भने त्यो अवस्थामा के होला रू पहिलो डेटमा नै हामीले अर्कोलाई कसरी चिन्न सकौंला र ! भन्ने चिन्ता पनि हामीमा हुन्छ । पहिले मनपराउनुको मतलब यो हो कि तपाईं अर्को डेटिङमा व्यक्तिको साथमा जान सक्नुहुन्छ। त्यसपछिका डेटिङहरूमा सबै कुरा ठीक हुन्छ । त्यसैले पहिलो डेटिङमा नै सबै मान्छे भावुक हुनु हुँदैन ।

**चौथो डर : प्रतिबद्धताको डर**

यो डर तेस्रो डरको एक विस्तार हो । यस किसिमको डर सामान्यतया पुरुषहरूमा भन्दा महिलामा बढी देखिन्छ । महिलाहरूलाई लाग्छ कि डेटिङको अर्को चरणमा प्रतिबद्ध सम्बन्धको सुधार हुनुपर्छ। त्यसो त्यस्तो नहुने भयो भने महिलाहरू दोस्रो डेटिङबाट टाढा भाग्ने गर्छन् । हेर्नुहोस्, कसैसँग डेटिङ गर्नुको मतलब यो होइन कि तपाईं भोलि उसैसँग बिहे गर्दै हुनुहुन्छ । तपाईंले आफैंलाई र उसलाई पनि समय दिनेपर्छ । प्रतिबद्ध सम्बन्धको थालनी गर्नुअघि हामीले हाम्रा अपेक्षाहरू र भविष्यका योजनाहरूको बारेमा कुरा गर्नुपर्ने हुन्छ । त्यसपछि यदि सबै कुरा ठीक देखिन्छ भने प्रतिबद्धतादेखि किन डराउनुपर्ने !

*कसैलाई मनपराउन जबर जस्ती नगर्नुहोस्। कुनै पनि कुरालाई मनपराउन समय लाग्न सक्छ । राम्रो चीज प्राप्त गर्नका लागि केही समय लगानी पनि गर्नुपर्ने हुन्छ ।*

**पाँचौं डर : सही व्यक्ति नपाएकोमा डर**

यस्तो डर लिएर बाँच्ने तपाईं एक्लो मान्छे भने होइन । हामीहरू धेरैमा यो डर महसुस हुने गर्छ । अझै नराम्रो कुरा, यो हुन सक्छ कि हामीले डेट गर्दै गरेका व्यक्ति सही छ वा खराब छ रू कहिलेकाहीँ त के पनि हुन्छ भने धेरै पटक तपाईं डेटिङमा गए पनि तपाईंले अर्को साथीलाई चिन्न सक्नुहुन्न । यो डरको अर्को रूप हो (प्रत्येकचोटि जब तपाईं फरक व्यक्तिसँग डेटिङमा जानुहुन्छ भने त फनै तपाईंले उसलाई चिन्न सक्नुहुन्न । जसको कारणले तपाईंरू डेटको अवधारणाबाट डराउन शुरू गर्नुभयो। हेर्नुहोस् यो जेन्युइन डर हो, तर जीवनमा अगाडि बढ्नको लागि, तपाईंले यसलाई पार गर्नुपर्ने हुन्छ। कसैलाई मनपराउन जबरजस्ती नगर्नुहोस्। कुनै पनि कुरालाई मनपराउन समय लाग्न सक्छ । राम्रो चीज प्राप्त गर्नका लागि केही समय लगानी पनि गर्नुपर्ने हुन्छ ।

# कृषिमा अनुदानले ल्याएको उत्साह

◆ विकास संवाददाता

बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यस प्रदेशका १३ वटै जिल्लाका किसानका लागि प्रबिधिको प्रयोग गर्नका लागि सहयोग गर्दै आएको छ । प्रदेश सरकार स्थापना भएको तीन वर्ष नाघिसकेको छ । यो विचमा कृषिमा प्रबिधिको प्रयोगमा मन्त्रालयले आफु मातहतको कृषि विकास निर्देशनालय र चालु आर्थिक वर्षमा कृषि ज्ञान केन्द्र मार्फत काम गर्दै आएको छ ।



कृषिमा प्रदेश सरकारले ठुला र साना कृषि यन्त्रहरूको वितरणका कारण थप सहयोग पुगेको बागमती प्रदेशको कृषि विकास निर्देशनालय हेटौंडाका प्रमुख रबिन्द्र बहादुर प्रधानले बताए । निर्देशनालयले ५० प्रतिशत अनुदानमा ठुला कृषि यन्त्रहरूको वितरण बितेको आर्थिक वर्षमा गरेको थियो । पहाडमा ४ सय रोपनी र तराईमा ५० बिगाहा जग्गामा व्यवसायिक रूपमा कृषि कर्म गरिरहेका तर भौगोलिक विकटता साथै सडक संजालबाट टाढा रहेका किसानहरूलाई उत्पादित सामाग्री ढुवानीमा सहज पुग्नेगरी वितरण गरिएको थियो । यसका कारण किसानलाई धेरैनै सहज भएको प्रधानले बताए ।

किसानका लागि वितरेको आर्थिक वर्षमा मिनि ट्रक ३ वटा, सिङ्गल क्याप पिक अप ८ वटा, ट्र्याक्टर १ वटा रामेछापमा, काठमाण्डौ, मकवानपुर, सिन्धुपाल्चोक, नुवाकोट र काभ्रे जिल्लाका ११ वटा कृषक समूह, सहकारी र नीजि फर्मलाई वितरण गरिएको थियो । अनुदानमा प्राप्त गरेका सामाग्रीका कारण आफुहरूलाई सहज भएको किसानहरू वताउँछन् । त्यसैगरी मागमा आधारित ७५ प्रतिशत अनुदानमा साना कृषि यन्त्रहरूको वितरण पनि गरिएको छ । थोरै जग्गा जमिन हुने किसानका लागि यो कार्यक्रमले पनि फाइदा पुगेको र अहिले किसानहरूलाई थप सहज भएको छ ।

१ हजार १ सय ५९ वटा समूह, सहकारी, निजि फर्महरूले सुचिकृत भएका ८ वटा आपूर्तिकर्ताहरूबाट ७५ प्रतिशत अनुदानमा बिभिन्न कृषि यन्त्र र औजारहरू खरिद गर्नमा किसानहरूलाई सहयोग गरिएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले बताए । यस वापत मन्त्रालयले कृषि विकास निर्देशनालय मार्फत १४ करोड ८८ लाख ८६ हजार ५६९ अनुदान उपलब्ध गराएको थियो । प्रदेश सरकारको यस मन्त्रालयले बृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रमबाट किसानलाई सहयोग गरेको छ । रसुवा जिल्लामा कुल जम्मा १ सय ५ रोपनीमा उन्नत स्याउ खेति विस्तार भएको र आगामी वर्षहरूमा न्यूनतम १ सय ७५ टन स्वदेशी स्याउ वजारमा उत्पादन भई वजारमा उपलब्ध गराउने मन्त्रालयको लक्ष छ । यस अनुसार यस क्षेत्रका किसानलाई थप उत्साहित गर्नका लागि यो कार्यक्रम ल्याइएको अधिकारीले बताए ।

दुग्ध सहकारी र निजी क्षेत्रको साझेदारीमा नमुना गाईपालन कार्यक्रमलाई पनि प्राथमिकता दिएर कार्यक्रम गरिएको छ । यस कार्यक्रम अन्तर्गत चितवनमा १ वटा , सिन्धुलीमा १ वटा र काठमाण्डौमा १ वटा गरि ३ वटा मिल्किङ्ग पार्लर सहितको आधुनिक प्रविधियुक्त नमुना गाईपालन फार्म संचालनमा आएको मन्त्रालयले जनाएको छ । एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तार कार्यक्रममा सहकारी र निजी क्षेत्रलाई प्राथमिकता दिइएको छ ।

३३ वटा साझेदार संस्थाको सहकार्यमा करिव १७ रोपनीमा एकिकृत रेन्वो ट्राउट माछा विकास तथा विस्तारको काम सम्पन्न भईसकेको छा यसै कार्यक्रम अन्तर्गत ट्राउट माछाको भुरा उत्पादनका लागि ह्यचरी र दाना उद्योग समेत संचालनमा आएको छ । कृषि पर्यटन प्रबद्धनको लागि नमुना कालिज र स्थानिय कुखुरा लगायत अन्य पशुपन्छीपालन कार्यक्रम गरिएको छ । प्रदेशका विभीन्न जिल्लामा यो कार्यक्रम गरिएको छ ।

कृषि पर्यटन प्रबर्द्धनको लागि नमुना कालिजपालनका लागि छनौट भएका १७ वटा साझेदार मध्ये १६ वटाले कार्य सम्पन्न गरि यस प्रदेशका चितवन र सिन्धुली बाहेकका ११ वटा जिल्लामा कालिजपालन संचालनमा आएको मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले बताए । यसै कार्यक्रम अन्तर्गत १९ वटा स्थानिय कुखुरापालन, ३ वटा टर्कीपालन, १ वटा हाँस पालन र १ वटा साझेदार संस्थाको सहकार्यमा अल्पाका पालन कार्यक्रम सम्पन्न भएको छ ।

कृषक समुह र सहकारीरनिजी क्षेत्रसँगको साझेदारीमा नमुना कृषि फार्म स्थापनाका लागि सहयोग गरिएको छ । प्रदेशका ६६ वटा निर्वाचन क्षेत्रहरूमा नमुना कृषि फार्म मध्ये ५९ वटा निर्बाचन क्षेत्रहरूमा मोडेल फारम निर्माण भएको छ । कृषक समूह, सहकारी र नीजि क्षेत्रको साझेदारीमा बृहत्तर मत्स्य विस्तार तथा विकास कार्यक्रम लागू गरिएको छ । २८ वटा साझेदार संस्था मार्फत मत्स्य विस्तार तथा विकास कार्यक्रम सम्पन्न भईसकेको छ ।

# मकवानपुरगढीमा बन्ने भयो पशुमैत्री पार्क



◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिकाले पशुमैत्री पार्क निर्माण गर्ने भएको छ । गाउँपालिकाको वडा नम्बर ३ कालीखोला सामरीमा ७ करोड ३ लाख ७६ हजार कूल लागत अनुमान सहितको पशुमैत्री पार्क निर्माण गर्न लागिएको हो । स्थानीय, प्रदेश तथा केन्द्रिय सरकारको सहयोगमा निर्माण गर्ने गरी बहुवर्षिय योजना अन्तर्गत पार्कको निर्माण गरिनेछ ।

पार्क निर्माणका लागि चालु आव २०७७/०७८ को पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको स्विकृत कार्यक्रम अन्तर्गत पशुमैत्री पार्क स्थापना तथा संचालनको लागि १० लाख रूपैयाँ बजेट विनियोजन समेत भएको छ । बजेट विनियोजन भएसँगै पार्क निर्माणका लागि आज गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनी र निर्देशनालयका निमित्त निर्देशक रामप्रकाश प्रधानबिच सम्झौता पत्र हस्तान्तरण भएको सूचना अधिकारी डाक्टर बब्लु ठाकुरले बताए ।

पार्क निर्माणको पहिलो चरण अन्तर्गत निर्देशनालयबाट १० लाख, गाउँपालिकाबाट १० लाख र समुदायबाट २ लाख ७८ हजार बराबरको निर्माण कार्य केही समयमै थालिने बताइएको छ ।

पार्कमा विभिन्न प्रजातिका गाई, भैंसी, बाख्रा लगायतको आकृति, तालिम केन्द्र, रमणिय बगैंचा, नमूना घाँसका प्रजाति, दाना उत्पादन केन्द्र, सहकारी भवन, पराल राख्ने स्थान, पानी ट्याङ्की, स्विमिङ पुल, चमेना गृह, पिकनिक स्थल, शौचालय, आराम स्थल, पदमार्ग लगायतका संरचनाहरू रहने गाउँपालिकाका प्रशासकिय अधिकृत पुडासैनीले बताए ।

# स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया सुरु



◆ विकास संवाददाता

मनहरी गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया अघि बढाउने भएको छ । गाउँ शिक्षा समितिको ४ चैतमा बसेको बैठकले स्थानीय पाठ्यक्रम निर्माणका लागि सरोकारवाला तथा विज्ञहरूसँग समन्वय गरी आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरेको हो ।

गाउँ शिक्षा समितिका अध्यक्ष तथा गाउँपालिका अध्यक्ष एकराज उप्रेतीको अध्यक्षतामा बसेको बैठकले यस बर्ष शैक्षिक सत्र असारमा सुरू हुने भएकाले भ्याएसम्म असारबाटै कार्यान्वयन हुने गरी पाठ्यक्रम निर्माणको काम सकाउने गरी प्रक्रिया अघि बढाउने निर्णय भएको हो । बैठकले विभिन्न विद्यालयहरूमा घेराबारा लगाउने, शिक्षक अनुदान बितरण गर्ने लगायतका निर्णयहरू गरेको अध्यक्ष उप्रेतीले बताए । बैठकले कक्षा ८ को परिक्षालाई मर्यादित बनाउनका लागि परीक्षा केन्द्रहरू निर्धारण गर्ने, केन्द्राध्यक्षहरूको व्यवस्थापन गर्ने र सुरक्षा निगरानीमा उत्तर पुस्तिका जाँच गर्नेगरी व्यवस्था मिलाउने निर्णय गरेको छ ।

परीक्षा समितिले तयार गरेको व्यवस्था अनुसार कक्षा ८ को परिक्षालाई मर्यादित बनाउने गरी शिक्षा समितिले निर्णय गरेको शिक्षा शाखा प्रमुख हरिचन्द्र सापकोटाले जानकारी दिए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

## वर्षदिनमै... ..

छन् । होमस्टेहरू बिस्तारै सुविधायुक्त रिसोर्टमा बदलिँदै छन् । चित्लाङमै हालै चित्लाङ रिसोर्ट खुलेको छ । पर्यटन व्यवसायी रामशरण नेपालले संचालनमा ल्याएको रिसोर्ट घुम्न र बस्न जो कोही पर्यटक पनि लोभिन्छन् । 'क्वार्ड बाइक' को समेत मज्जा लिन पाइने उक्त रिसोर्ट चित्लाङकै आकर्षणको केन्द्र बनेको छ । यो रिसोर्ट बाहेक अन्य थुप्रै साना ठूला होटल, रिसोर्ट घरैपिच्छे जस्तो होमस्टे छन् । सुनसान भइसकेको गाउँमा यसरी पर्यटक आउलान् भनेर सायद बाबुकाजी मानन्धरले सोचेका थिएनन 'मानिसको मात्र होइन, बस्तीको पनि दिन फिर्दो रहेछ,' उनले हाँस्दै भने ।

केबलकार र सडक सुविधापछि चित्लाङको रूप बदलिएको स्थानीय निर्मल बलामीले सुनाए । उनका अनुसार आन्तरिक र बाह्य पर्यटकहरू आउन थालेपछि यहाँको जग्गाको मूल्य ह्वात्तै बढेको छ । 'तीन वर्षअघिसम्म चित्लाङ बजार क्षेत्रमा धुरको दुई लाख रूपैयाँमा जमिन खरिदबिक्री भइरहेको थियो । अहिले धुरको न्यूनतम पाँच लाखसम्म पर्छ,' उनले भने । थानकोट-चन्द्रागिरि केबलकार सञ्चालनमा आएपछि जग्गाको भाउ बढेको उनले बताए । चित्लाङ-थानकोटसम्मको सडक स्तरोन्नति सुरु भएपछि जग्गा भाउ नसोचेको ढंगले बढेको होमस्टे सञ्चालक राधाकृष्ण बस्नेत बताउँछन् । 'जग्गाको भाउ त बढ्यो नै, पर्यटक पनि बढेका छन्,' उनले भने, 'शुक्रबार र शनिबार होमस्टे र रिसोर्टले धान्न नसक्ने गरी मानिसहरू आउँछन् ।' सडकको स्तरोन्नति भएपछि यस क्षेत्रको महत्व अझ बढ्ने चित्लाङ रिसोर्टका सञ्चालक रामशरण नेपालले बताए ।

राजधानी काठमाण्डौं नजिक भएकाले प्रत्येक साता एक हजारभन्दा बढी आन्तरिक एवं बाह्य पर्यटक यहाँ आउने गरेका छन् । होमस्टे सञ्चालक समितिका अध्यक्ष बस्नेतले यस क्षेत्रको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका साथै प्राकृतिक मनोरम दृश्यको अवलोकन गर्न पर्यटकहरू आउने क्रम बढेको बताए। थानकोटबाट १२ किलोमिटरको दुरीमा भएकाले अधिकांश पर्यटक यहाँ हिँडेर आउँछन् । चित्लाङ नजिकैको मानवनिर्मित इन्द्रसरोवरले पनि यहाँको आकर्षण थपेको हो । 'बाखाका दूधबाट चिज उत्पादन र दुर्लभ पशु अल्पका यस क्षेत्रको महत्वलाई अझ बढाएको छ,' स्थानीय अशोकसिंह ठकुरीले भने । विभिन्न भाषाभाषीको आफ्नै वेशभूषा, बाजागाजा र संस्कृतिले भरिभराउ चित्लाङलाई सात वर्षअघि पर्यटन बोर्डले मुलुकको पहिलो पर्यटन गाउँको रूपमा घोषणा गरेको थियो ।

यस्तै, अहिले चित्लाङमा वनविज्ञान क्याम्पस भवन निर्माण भइरहेको छ । आईटीपार्क बनाउने योजना पनि छ । साढे चार करोडको लागतमा बागमती प्रदेश सरकारले चन्द्रागिरिमा हिलस्टेसन निर्माण अन्तिम चरणमा पुगेको छ । चित्लाङको ताकाटारस्थित साढे सात सय रोपनीमा मदन भण्डारी प्राविधिक विश्वविद्यालय निर्माण शुरू भैसकेको छ । पर्यटकीस्थल सँगसँगै शैक्षिक पूर्वाधारको निर्माण भइरहेकाले चित्लाङको आकर्षण बढेको हो । थानकोट-चन्द्रागिरि -चित्लाङ सडकको स्तरोन्नति भएपछि चित्लाङबाट बढीमा ३० मिनेटमा थानकोट पुग्न सकिन्छ । सडक २०७८ वैशाख महिना भित्रमा सकिने पर्यटन व्यवसायी रामशरण नेपालले बताए । यो सुविधाले पनि काठमाडौंमा बसेर रोजगारी गर्नेहरू गाउँ फर्कन थालेका छन् ।



चित्लाङमा 'क्वार्ड बाइक'को यात्रा गर्दै पर्यटकहरू ।

# थाहानगरको सतिखोलामा पक्की पुल निर्माण कार्य तीव्र



◆ विकास संवाददाता

मकवानपुरस्थित थाहा नगरपालिकाको इन्द्रायणी चौर सति खोलामा पक्की पुल निर्माण कार्य तीव्र रूपमा भइरहेको छ । बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत पूर्वाधार विकास कार्यालयको रू. पाँच करोड ७४ लाख लागतमा सडक पुल निर्माण भइरहेको हो ।

पुल निर्माण अन्तर्गत अहिले धमाधम 'फाउण्डेशन' को कार्य भइरहेको निर्माणको ठेक्का पाएको सपना निर्माण सेवाका प्रतिनिधि आकास गुप्ताले जानकारी दिए । पूर्वाधार विकास कार्यालयले सपना निर्माण सेवालाई आगामी २०७९ साल जेठ २० गतेभित्र सम्पन्न गर्ने गरी निर्माणको ठेक्का दिएको छ । नेपालकै एक मात्र कृत्रिम जलाशय कुलेखानी जलविद्युत केन्द्रको प्रमुख जलाधारको रूपमा रहेको पालुङ खोलाअन्तर्गत सति खोलामा पक्की पुल नहुँदा वर्षायाममा स्थानीय तरकारी उत्पादक कृषकहरूले समस्या झेल्दै आएका छन् । यसअघि खोलामा 'ह्युमपाइप' राखेर सडक संचालन गर्दै आएकोमा वर्षायाममा हरेक वर्षजसो भेलबाढीले सडक बगाउने गरेको छ ।

सपना निर्माण सेवाका प्रतिनिधि गुप्ताले सम्झौता अवधिमै पुल निर्माण सम्पन्न पूर्वाधार विकास कार्यालयलाई हस्तान्तरण गर्ने गरी काम भइरहेको बताउनु भयो । पुल ४० मिटर लम्बाइ र ११ मिटर चौडाईको हुने उनले जानकारी दिए ।

# पाण्डुकेश्वर मन्दिरको गजुर हस्तान्तरण



◆ विकास संवाददाता

हिन्दू धर्मअन्तर्गत हिमवत् खण्डमा वर्णन गरिएअनुसार ६४ शिवलिङ्ग मध्ये एक मानिने मकवानपुरको पाण्डुकेश्वर मन्दिरको लागि गजुर हस्तान्तरण गरि एको छ । वि. सं. २०७२ सालको गोर्खा भूकम्पले क्षतिग्रस्त भएपछि पुनःनिर्माणको क्रममा मन्दिरको गजुर हस्तान्तरण गरिएको हो ।

गोर्खा भूकम्पपछि क्षतिग्रस्त मन्दिरलाई पुरातत्व विभागले पुरानै शैलीमा मन्दिर पुनःनिर्माण गरेको छ । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत रहेको सार्वजनिक निर्माण कार्यान्वयन इकाईको सहयोगमा मन्दिरको प्राङ्गणमा ढुङ्गा बिछ्याइएको छ । थाहा नगरपालिकाले मन्दिरको मूल ढोका निर्माण गरिदिएको छ । यसपछि अब पुरातत्व विभागको सहयोगमा तामाको छानो राख्ने तयारी भइरहेको बेला स्थानीय कार्की परिवारका दाताहरूले प्रदान गरेको गजुर पाण्डुकेश्वर क्षेत्र विकास समितिलाई हस्तान्तरण गरिएको हो । थाहा नगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष गुप्तबहादुर कार्कीको रोहबरमा स्थानीय रामहरि कार्की, किरण कार्की, दिपक कार्की र राजेन्द्र कार्कीले संयुक्त रूपमा दान गरेको गजुर हस्तान्तरण गरिएको हो ।

पुनः निर्माणअघि तीस इन्च अग्लो गजुर रहेकोमा अहिले हस्तान्तरण गरिएको गजुरको उचाई अठ्चालीस इन्च रहेको पाण्डुकेश्वर क्षेत्र विकास समितिका कोषाध्यक्ष रामप्रसाद ढकालले जानकारी दिनुभयो । तामाबाट तयार पारिएको गजुरमा पहिँलो स्थायी रंग लगाएर सुनजस्तै टल्काइएको छ ।

अब छिट्टै मन्दिरमा गजुर राखेर तामाको छानो पनि राख्ने र मन्दिर प्रतिस्थापन गरिने पाण्डुकेश्वर क्षेत्र विकास समितिका अध्यक्ष जनक हमाल ठकुरीले बताए ।

हिमवत खण्डमा पाण्डुक नामका ऋषिले भगवान शिवको आराधना गर्दा सिद्ध प्राप्त गरी भगवान शिव ज्योति स्वरूपमा प्रकट भएकोले पाण्डुकेश्वर नाम रहन गएको उल्लेख छ । यो मन्दिरलाई पुरातत्व विभागले सम्पदा सुचीमा सुचिकृत गरेको छ । मन्दिरमा शिवरात्री, हरितालिका तीज, बाला चतुर्दशी लगायत पर्वहरूमा भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ ।

# त्रिभुवन आर्मीलाई उपाधि

◆ विकास संवाददाता

तेस्रो संस्करणको शहीद स्मृति हेटौंडा गोल्डकपको उपाधि त्रिभुवन आर्मी फुटबल क्लबले जितेको छ । ७ चैत्रमा भएको फाइनल खेलमा साविक विजेता आयोजक रिगल हेटौंडा रिसोर्ट मकवानपुर-११ लाई १-० गोलअन्तरले पराजित गर्दै त्रिभुवन आर्मीले १० लाख पुरस्कार राशीसहित उपाधि जितेको हो ।

साविक विजेता आयोजक रिगल हेटौंडा रिसोर्ट मकवानपुर-११ उपविजेतामा सीमित हुँदै नगद पाँच लाख रूपैयाँ प्राप्त गरेको छ । प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित हुँदै आयोजक रिगल हेटौंडा रिसोर्ट मकवानपुर-११ का फरवार्ड अमीर श्रेष्ठले रोयल इनफिल्ड बाइक हात पारेका छन् । उत्कृष्ट खेलाडीलाई रोयल इनफिल्ड बाइक हेटौंडा स्कूल अफ म्यानेजमेन्टले प्रायोजन गरेको हो ।

त्रिभुवन आर्मीका लागि कप्तान टेकबहादुर बुढाथोकीले निर्णायक गोल गरेका हुन् । फाइनल खेलको म्यान अफ द म्याच टेकबहादुर बुढाथोकी घोषित भए । प्रतियोगिताको उत्कृष्ट फरवार्ड मकवानपुरका रन्जन विष्ट घोषित भए भने उत्कृष्ट प्रशिक्षक नवीन न्यौपाने, उत्कृष्ट डिफेन्स दिपक गुरूङ, मिडफिल्डर सेसेहाङ आङदेवे र गोलकिपर विवश चौधरी त्रिभुवन आर्मीबाट घोषित भए ।

विधागत उत्कृष्ट खेलाडी र प्रशिक्षकले जनही २५ हजार रूपैयाँ प्राप्त गरेका छन् ।




# हेटौंडाका श्रेष्ठलाई रोयल इनफिल्ड बाइक

शहीद स्मृति हेटौंडा गोल्डकप प्रतियोगिताकै उत्कृष्ट खेलाडी घोषित हुँदै आयोजक रिगल हेटौंडा रिसोर्ट मकवानपुर-११ का खेलाडी अमीर श्रेष्ठले रोयल इनफिल्ड बाइक जितेका छन् ।

उत्कृष्ट खेलाडीलाई रोयल इनफिल्ड बाइक हेटौंडा स्कूल अफ म्यानेजमेन्टले प्रायोजन गरेको हो ।

फाइनल खेलमा त्रिभुवन आर्मी फुटबल क्लबले उपाधि जितेको छ । फाइनल खेलमा साविक विजेता आयोजक रिगल हेटौंडा रिसोर्ट मकवानपुर-११ लाई १-० गोलअन्तरले पराजित गर्दै त्रिभुवन आर्मीले १० लाख पुरस्कार राशीसहित उपाधि जितेको हो ।

विकास
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७७ चैत्र ०९ गते सोमबार, 22 March. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



# चैत्र २७ गतेदेखि जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड



◆ विकास संवाददाता

मकवानपुरमा १०औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता आगामी चैत्र २७ गते देखि हेटौंडामा सञ्चालन हुने भएको छ । ६ चैत्रमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख एवम् राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशक समितिका संयोजक रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकले चैत्र २७, २८ र २९ गते प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको हो ।

त्यस्तै बैठकले चैत्र २१ गते भित्र जिल्लाका १० वटै स्थानीय तह स्तरीय प्रतियोगिताको छनौट सम्पन्न गराई सक्न र छनौटको प्रतिवेदन, बिजेता खेलाडीको नाम नामेसी जिल्ला खेलकुद विकास समितिमा उपलब्ध गराई सक्न अनुरोध गर्ने निर्णय गरेको छ । हालसम्म जिल्लाका १० मध्ये ४ वटा स्थानीय तहमा छनौट सम्पन्न भईसकेका छन् । जिल्लाको थाहा नगरपालिका, भीमफेदी, मकवानपुरगढी र ईन्द्रसरोवर गाउँपालिकाले छनौट सम्पन्न गरिसकेको र अन्य स्थानीय तहहरूले आगामी चैत्र २० गतेसम्म सम्पन्न गरिसक्ने प्रतिबद्धता आएको जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख राजन दाहाल (खुसराज) ले जानकारी दिए । राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा निर्देशिका अनुसार पालिकामा छनौट गरिएका भलिवल, एथलेटिक्स, कबडी, सितिरियो कराँते, तेक्वाण्डो र उसु खेल सञ्चालन गरी बिजेतालाई खेलाडीलाई प्रदेश स्तरीय राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगितामा सहभागी गराईने उनले जानकारी दिए ।

त्यस्तै बैठकले प्रतियोगिताको खर्च विवरणसहितको प्रस्ताव तयार गरि प्रदेशको सामाजिक विकास मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद विकास परिषदमा पेश गर्न जिल्ला खेलकुद विकास समितिलाई निर्देशन दिने निर्णय गरेको जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष सानु लामाले जानकारी दिए । प्रतियोगिता संचालनका लागि कुल ९ लाख ८१ हजार ५५० रूपैयाँ लागत लाग्ने अनुमान गरिएको तर, जिल्लामा कुल ४ लाख मात्रै बजेट प्राप्त भएकोले समेत उनले बताए ।

बैठकमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशक समितिका संयोजक खुलालले आवश्यक बजेटका लागि पहल गर्ने बताए । उनले प्रतियोगिता तोकिएकै मितिमा व्यवस्थित रूपमा सञ्चालन गर्न जिल्ला खेलकुद विकास समितिलाई निर्देशन दिदै आवश्यक बजेटका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

# आठ महिना अवधिमा १ सय ७४ वटा सवारी दुर्घटना

◆ विकास संवाददाता

मकवानपुरमा चालु आर्थिक वर्षको आठ महिना अवधिमा १ सय ७४ वटा सवारी दुर्घटना भएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्क अनुसार चालु आवको गत साउन महिनादेखि फागुनसम्मको अवधिमा जिल्लाका विभिन्न स्थानमा गरी कुल १ सय ७४ वटा दुर्घटना भएको हो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा मकवानपुरमा सवारी दुर्घटनाका घटनामा वृद्धि भएको पाइन्छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्क अनुसार अघिल्लो आवको अन्त्यसम्ममा मकवानपुरमा कुल १ सय २० वटा सवारी दुर्घटनाका घटना भएको थियो । चालु आर्थिक वर्ष समाप्त हुन ४ महिना बाँकी रहदाँ मकवानपुरमा अघिल्लो आर्थिक वर्षको तुलनामा ५४ वटा बढी दुर्घटना भइसकेको छ ।

मकवानपुरमा चालु आर्थिक वर्षको ८ महिना अवधिमा सबै भन्दा कम भदौमा र सबै भन्दा बढी असोजमा दुर्घटनाहरू भएका छन् । ट्राफिक कार्यालयको तथ्याङ्क हेर्ने हो भने मकवानपुरमा चालु आवको साउनमा २७, भदौमा ८, असोजमा ३५, कात्तिकमा २४, मंसिरमा २३, पुसमा १६, माघमा २७ र फागुनमा २७ वटा सवारी दुर्घटना भएको छ । चालु आवको साउनदेखि हालसम्म ४४ जनाको सवारी दुर्घटनामा परी मृत्यु भएको छ ।

स्थानीय खबरका लागिः
www.thahatimes.com

# कैलाशमा सुविधा सम्पन्न प्रसुति केन्द्र स्थापना




◆ विकास संवाददाता

मकवानपुरको दुर्गम क्षेत्र कैलाश गाउँपालिकामा सुविधा सम्पन्न प्रसुति केन्द्र स्थापना भएको छ । प्रसुती केन्द्रलाई कोपिला नामाकरण पनि गरिएको छ । कैलाश–८ भार्तामा सैनिक श्रीमती संघको पहलबाट ७ कोठोको प्रसुति केन्द्र स्थापना गरिएको हो । प्रसुति केन्द्रको नेपाली सेनाका महारथी प्रधानसेनापति पुर्णचन्द्र थापाले उद्घाटन गरेका छन् ।

प्रसुति केन्द्र व्यवस्थित सञ्चालन र सेवा प्रदानका निम्ति कैलाश गाउँपालिकालाई हस्तान्तरण गरिएको गाउँपालिका अध्यक्ष टंक मोक्तानले जानकारी दिएका छन् । उनले गाउँपालिकाको व्यवस्थापनमा प्रसुति केन्द्र नियमित सञ्चालन हुने बताए । सैनिक श्रीमती संघले सिमान्तकृत समुदायको बसोबास रहेको कैलाशमा व्यवस्थित प्रसुति सेवा अभाव रहेको देखेपछि यस्तो योजना अघि सारेको थियो । सैनिक श्रीमती संघकी अध्यक्ष दिपा थापाले कैलाशमा प्रसुति सेवा अभाव भएको पाएपछि प्रसुति केन्द्र निर्माणको लागि पहल गरेको बताइन् । सुरक्षित प्रसुति, सुन्दर सृष्टि भन्ने नाराका साथ निर्माण गरिएको प्रसुति केन्द्रलाई कोपिला नामाकरण गरिएको पनि थापाले बताएकी छन् । सैनिक श्रीमती संघको अगुवाईमा ५९ लाख ५१ हजार ५ सय १६ रूपैयाँमा प्रसुति केन्द्र निर्माण गरिएको गाउँपालिका अध्यक्ष मोक्तानले बताए ।

स्थानीय राजु प्रजाको अध्यक्षतामा उपभोक्ता समिति गठन गरेर नेपाली सेनाको सहयोगमा निर्माण कार्य गरि एको हो । गत ९ पौषमा शिलान्यास गरि एको प्रसुति केन्द्र ८५ दिनमा निर्माण गरिएको निर्माणमा खटिएका पुरानो गोर ख गणका मेजर दिपेन्द्र सिंहले बताए । उनको नेतृत्वमा नेपाली सेनाको टोलीसमेत प्रसुति गृह निर्माणमा अहोरात्र खटेको थियो । मध्यपृतना हेडक्वाटर नं. ७ बाहिनी अड्डा र मकवानपुरमा तैनाथ पुर ानो गोरख गणले प्रसुति गृह निर्माणमा सहयोग गरेको हो । प्रसुति केन्द्रको उद्घाटन गर्दै प्रधानसेनापति थापाले नेपाली सेना विपन्न र गरिब समुदायको दुःखमा साथ दिन तयार रहेको बताए ।







● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी